आज मिति २०७५ साल श्रावण ४ गते शुक्रवार दिनको २:०० बजे गोदावरी नगरपालिकाका नगरप्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**<u>उपस्थिति:</u>**

| | |
|---|---|
| अध्यक्ष - श्री गजेन्द्र महर्जन | नगरप्रमुख |
| सदस्य - श्री मुना अधिकारी | उप-प्रमुख |
| सदस्य - श्री हरिहर कार्की | वडाध्यक्ष वडा नं. १ |
| सदस्य - श्री देवेन्द्रकुमार बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| सदस्य - श्री बालमुकुन्द घिमिरे | वडाध्यक्ष वडा नं. ३ |
| सदस्य - श्री मुकुन्द बहादुर पहरी | वडाध्यक्ष वडा नं. ४ |
| सदस्य - श्री मिलन सिल्वाल | वडाध्यक्ष वडा नं. ५ |
| सदस्य - श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं. ६ |
| सदस्य - श्री गिरि प्रसाद तिमिल्सिना | वडाध्यक्ष वडा नं. ७ |
| सदस्य - श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं. ८ |
| सदस्य - श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं. ९ |
| सदस्य - श्री दर्शन कुमार विष्ट | वडाध्यक्ष वडा नं. १० |
| सदस्य - श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं. ११ |
| सदस्य - श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं. १२ |
| सदस्य - श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं. १३ |
| सदस्य - श्री जगनाथ महर्जन | वडाध्यक्ष वडा नं. १४ |
| सदस्य - श्री सीता तिमिल्सिना | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री लक्ष्मी परियार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री बिन्दु तामाङ | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मीठु परियार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मैया के.सी. (खत्री) | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मोहनबहादुर नगरकोटी | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री सरोज दनुवार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री लक्ष्मी बहादुर नगरकोटी | नगरकार्यपालिका सदस्य |
| सदस्य सचिव - श्री विश्वराज मरासेनी | प्रमुख प्रशासकीय अधिकृत |

विश्वराज मरासेनी
प्रमुख प्रशासकीय अधिकृत

**एजेण्डाः**

१. सामाजिक परिचालकहरूको म्याद थप सम्बन्धमा ।

२. सोलार सिस्टम (सौर्य उर्जा) सम्बन्धमा ।

३. दोश्रो नगरसभा २०७५/०७६ को समीक्षा सम्बन्धमा ।

४. विविध ।

**निर्णय नं. १ सामाजिक परिचालकहरूको म्याद थप सम्बन्धमाः** गोदावरी नगरपालिका अन्तर्गगत प्रत्येक वडामा १ जनाका दरले विगत आर्थिक वर्षमा काम-काज गर्दै आएका सामाजिक परिचालकहरूलाई वडाको कार्यालय सहायक एवं सामाजिक परिचालकको सबै काम-काज गर्ने गराउने र पारिश्रमिक/सेवा सुविधा बापत निजहरूलाई मासिक रू.१५०००/- (अक्षरूपी पन्ध्र हजार मात्र)का दरले उपलब्ध गराई ६ महिना सम्मको लागि सेवा करार गरी सेवालाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २ सोलार सिस्टम (सौर्य उर्जा) सम्बन्धमाः** छलफल हुँदा यस नगरपालिकाको लागि २०० थान सडक सौर्य बत्ती उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय (बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र)मा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ दोश्रो नगरसभा २०७५/०७६ को समीक्षा सम्बन्धमाः** गोदावरी नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ दोश्रो नगरसभालाई भव्यताका साथ सफल बनाउन योगदान दिनु हुने सम्पूर्ण जनप्रतिनिधिहरू, प्रमुख अतिथि, अतिथि, कर्मचारी, लगायत सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ विविधः**

क) दोश्रो नगरसभाबाट आर्थिक २०७६ का लागि स्वीकृत बजेट तथा कार्यक्रम अनुसार यस नगरपालिकामा प्राविधिक शिक्षालय स्थापना गर्न वडा नं. १३ का वडाध्यक्ष एवं सामाजिक विकास समितिका संयोजक श्री भाष्कर थापाको संयोजकत्वमा वडा नं. २ का वडाध्यक्ष श्री देवन्द्र बस्नेत र वडा नं. ६ का वडाध्यक्ष श्री विष्णुमान महर्जन सदस्य रहने गरी प्राविधिक शिक्षालयको लागि सम्भाव्यता अध्ययन कार्यदल गठन गरियो ।

ख) गोदावरी नगरकार्यपालिका र नगरसभाबाट स्वीकृत एवं अनुमोदित ऐन, नियम, कार्यविधि, निर्देशिका राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

ग) डुकुछाप स्थित चण्डीदेवी प्रा.वि.लाई उत्कृष्ट ई.सि.डि कक्षा सञ्चालन गरे बापत दोश्रो नगरसभामा सम्मान सहित उपलब्ध गराइएको रू.१०,०००/- (दश हजार मात्र) अनुमोदन गर्ने निर्णय गरियो ।

विश्वराज मरासेनी
प्रमुख प्रशासकीय अधिकृत

घ) राष्ट्रिय पुननिर्माण प्राधिकरणको अनुदानमा निर्माण भएका घरहरुलाई प्राविधिकको फिल्डबुकको आधारमा नगरपालिकामा अभिलेखिकरण निर्णय गरियो ।

ङ) राष्ट्रिय पुननिर्माण प्राधिकरणको अनुदानमा निर्माण भएका घरहरुलाई प्राविधिकको फिल्डबुकको आधारमा नगरपालिकामा अभिलेखिकरण निर्णय गरियो ।

च) महानगरिय प्रहरी वृत्त चापागाउँलाई ट्रस्ट निर्माणको लागि बढीमा रू.२ लाख सम्म दिने निर्णय गरियो ।

छ) सवै प्रतिवेदन, आम्दानी/खर्च आइसकेपछि पहिलो चौमासिकमा वार्षिक समिक्षा गर्ने निर्णय गरियो ।

विश्वराज मरासिनी
प्रमुख प्रशासकीय अधिकृत